**प्रेस विज्ञप्ति**

मिति: २०७५/०९/०५

कोहलपुर नगरपालिकाको नगरकार्यापालिकाको छैठौं बैठकबाट केही विषयगत समितिहरु स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा १६ को उपदफा ४ को 'घ' को प्रावधान अनुसार हेरफेर गरेपश्चात नगरपालिका कै उप-प्रमुख सहित केही वडा अध्यक्षहरुले बारम्बार यस नगरपालिकाको गरिमा,प्रतिष्ठा र सिङ्गो नगरपालिका प्रति नै जनताको अविश्वास पैदा हुने गरी आर्थिक अनियमीततोको भ्रामक प्रचारबाजी गरिहेको विषयमा कोहलपुर नगरपालिकाको गम्भिर ध्याणाकर्षण भएको छ ।

कोहलपुर नगरकार्यपालिका नेपालको संविधानको धारा २१६ अनुसार गठित स्थानीय सरकार हो । यसमा उप-प्रमुख सहित वहाँहरुको ८ सदस्यीय उपस्थिति छ । गत लामो समय देखि नै स्थानीय सरकारमा रहेर निर्णय प्रक्रियामा सहभागी भै कार्यपालिकाका सबै निर्णयहरु छलफल पश्चात सर्वसम्मत हुँदै आएको कुरा सबैलाई जानकारी नै छ । गत आर्थिक वर्षमा मात्र होइन चालु आर्थिक वर्षको गत कार्तिक ३० गतेको छैठौं नगरकार्यपलिकाको बैठक सम्म पनि उप-प्रमुख र वहांको पक्षमा रहेका वडा अध्यक्षहरुले कसैले पनि आर्थिक अनियमितता,अपारदर्शिता र एकलौटी ढंगले नगरप्रमुखले नगरपालिका चलाएको भनेर कहिल्यै कतैबाट पनि आवाज उठेन । तर विषयगत समितिहरुमा हेरफेर हुने बित्तिकै नगरप्रमुख तथा सिङ्गो नगरपालिका प्रति नै आरोप लगाउनु भनेको आफ्नो निहीत स्वार्थ पुरा नहुने स्थिति देखि भ्रामक प्रचारमा लागेको प्रष्ट भएको छ । त्यस्तो भ्रामक र कपोलकल्पिक प्रचार प्रति आम नगरबासीहरु कसैले पनि विश्वास नगर्न आग्रह गर्दछौं ।

लेखा समितिको विषयलाई लिएर गरिएको प्रचार पनि भ्रामक रहेको र आम नगरबासीहरुलाई समेत गलत समाचारद्वारा प्रभाव पार्ने कुचेष्टा मात्र हो । कार्तिक ३० गतेको बैठकको नि.नं १७ मा लेखा समिति गठन गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णण भइसकेको र सो समिति नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को प्रावधान अनुसार यस नगरपालिकाको आगामी हिउंदे नगरसभाबाट गठन हुने कुरा सबैलाई जानकारी गराउन चाहन्छौं ।

अन्त्यमा,जनताले विश्वास गरी निर्वाचित गरेका हामी जनप्रतिनिधिहरु कोहलपुर नगरपालिकावासीहरु प्रति उत्तरदायी र जवाफदेही छौं । हामीले हाल सम्म गरेका कामकाजहरुमा जनताले जवाफ मागेको जुनसुकै समयमा जवाफ दिन तयार रहेको समेत सबै नगरवासीमा विनम्र अनुरोध गर्दछौं । हामीले यस नगरपालिको विकास, सम्वृद्धी र सम्मानमा आँच आउने कुनै पनि काम गरेका छैनौं र आगामी दिनमा यस्तो कार्य हुन नदिने प्रतिवद्धता समेत व्यक्त गर्दछौं । कोहलपुर नगरबासी जनता प्रति भ्रामक सुचना प्रवाह गर्ने गराउने र विना प्रमाण अनर्गल प्रचार प्रसार गरी भ्रम पैदा गर्ने कार्यप्रति कोहलपुर नगरपालिको तर्फबाट यस प्रेस विज्ञप्ति मार्फत खेद व्यक्त गर्दछौं ।

माधव रिजाल

प्रवक्ता

कोहलपुर नगरकार्यपालिका

कोहलपुर बाँके